# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २१ जनवरी २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- पश्चिम बंगाल सरकारले आज कलकत्ता उच्च न्यायालयमा आरजी कर दुष्कर्म अनि हत्या मामिलामा विशेष न्यायालयको फैसलालाई चुनौती दिएको छ।
- पश्चिम बंगाल विधानसभा चुनाव अघि ममता बनर्जी सरकारको अंतिम पूर्ण बजट आगामी १२ फरवरी देखि हुने संभावना रहेको छ ।
- सिलगढीमा श्सृष्टिश्री मेलाश आयोजना गरिएको छ। यो मेला पहिलो पटक सिलगढीमा आयोजना हुँदैछ।
- खरसाङमा भईरहेको शहीद गोल्ड कपमा हिल फुटबल एकेडेमी खरसाङ २-१ को अन्तरले विजयी हुँदै अन्तिम आठमा स्थान बनाएको छ।

**पश्चिम बंगाल-आरजी कर**

पश्चिम बंगाल सरकारले आज कलकत्ता उच्च न्यायालयमा आरजी कर दुष्कर्म अनि हत्या मामिलामा विशेष न्यायालयको फैसलालाई चुनौती दिएको छ। सरकारले उच्च न्यायालयसित दोषी संजय रॉयलाई आजीवन कारावासको साटो मृत्युदंडको मांग गरेको छ। संजय रॉयलाई गत बर्ष अगस्तमा कोलकाताको आरजी कर मेडिकल कॉलेज अनि अस्पतालमा एक जूनियर डॉक्टरको साथ दुष्कर्म अनि हत्याको दोषी पाइएको थियोद्य
राज्यका महाधिवक्ता किशोर दत्ताले यस संबंधमा न्यायमूर्ति देबांग्शु बसाक तथा न्यायमूर्ति शब्बर रशीदीको खंडपीठमा याचिका दायर गरेको छ। खंडपीठले याचिका स्वीकार गरेको छ।
यसअघि मुख्यमन्त्री ममता ब्यनार्जीले आरजी कर मामिलालाई श्रेयरेस्ट ऑफ द रेयरश अपराध मान्दै दोषीका लागि श्फांसीको सजायको मांग गर्नु भएको थियो।

****** ० ******

**आर.जी कर सजाय प्रतिक्रिया**

आर.जी कर महिला रेजिडेन्ट डाक्टरको बलात्कार र हत्याको मामिला कोलकाताको एक विशेष अदालतले दोषी संजय रोयलाई आजीवन कारावासको सजाय सुनाएकोमा टिएमसी का महासचिव अभिषेक बनर्जीले असन्तोष व्यक्त गर्नुभएको छ। सियालदहको अदालतमा यस काण्डको सुनवाई पुरा भएपछि हिजो अतिरिक्त जिल्ल र सत्र अदालतका न्यायाधीश अरिन्दम दासले आरोपी संजय रोयलाई दोषी ठहराउँदै आजीवन कारावासको सजाय सुनाउनु भएको थियो। न्यायाधीशले सजाय सुनाउँदा यो Ravest of Rare अर्थात विरलै घटना नभएको भन्नुभ्एको थियो। अदालतको यस फैसला प्रति पश्चिम बंगाल डाक्टरहरूले पनि निराश जनाएका छन्। डाक्टरहरूको संगठन अभया मंच अनि डाक्टरहरूको संयुक्त मंचले अदालतले यस फैसला प्रति खड़ा गर्दै एउटी युवा महिला डाक्टरको बलात्कार र निर्मम हत्या यदि विरलै घटना होइनभने कुन चाहि घटना विरलै हुनु पेर्न त भनेका छन्। अक्रोतिर पीड़िताको परिवारले सीबीआईले आफ्नो जाँचमा यसलाई जधन्य भन्दा जधन्य घटना प्रमाणित गर्नुमा विफल रहेको आरोप लगाएका छन्।

****** ० ******

**ममता सरकार - पूर्ण बजट 12 फरवरी**

विधानसभा चुनाव अघि ममता बनर्जी सरकारको अंतिम पूर्ण बजट आगामी 12 फरवरी देखि हुने संभावना रहेको छ । बजट सत्र लगभग दुइ हप्ता सम्म चल्नेछ । नवान्न (राज्य सचिवालय) सूत्र अनुसार, मुख्यमंत्री ममता बनर्जीले यस बजेटलाई

विशेष ध्यानमा राख्दै पेश गर्न चाहन्छिन। यस अघि 1 फरवरी को केंद्रीय वित्तमंत्रीनिर्मलासीतारमणले 1 फरवरीको दिन देशको जेट पेश गर्नु हुनेछ। पहिले 7 फरवरी देखि बजट सत्र शुरू गर्ने राज्य सरकारको योजना रहेको थियो, तर मुख्यमंत्री ममता बनर्जीले केंद्रीय बजट पछि अतिरिक्त समय लिने निर्णय लिएपछि १२ फरवरीमा बजेट पेश गर्ने सम्भावना रहेको छ। नवान्न सूत्र अनुसार, मुख्यमंत्री ममता बनर्जीले आगामी बजटमा नया योजनाहरुको घोषणा गर्नु सक्नु हुनेछ। यसको साथै "रूपश्री", "कन्याश्री", अनि "लक्ष्मी भंडार" जस्तो प्रमुख योजनाहरुमा अतिरिक्त लाभ जोड़ने पनि योजना रहेकोछ। राज्यका सरकारी कर्मचारिहरुको डी.ए. (महंगाई भत्ता) लाई लियेर पनि सरकारले यसपाली विशेष प्रावधान गर्न सक्छ

****** ० ******

**प्रधानमन्त्री अमिताभ कान्त**

प्रधानमन्त्री नरेन्द्र मोदीले G20 शेर्पा अमिताभ कान्तको पुस्तक, हाउ इन्डिया स्केल्ड माउन्ट G20 को लागि प्रशंसा गर्नु भएको छ। आज सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री मोदीले पुस्तकले राम्रो पृथ्वी निर्माण गर्न मानव-केन्द्रित विकास प्रयासहरूको बृहत् तस्वीर प्रस्तुत गरेको बताउनु भयो। यसअघि, श्री कान्तले प्रधानमन्त्रीलाई यो पुस्तक प्रस्तुत गर्नुभएको थियो।

****** ० ******

**'सृष्टिश्री मेला'**

सिलगढीमा 'सृष्टिश्री मेला' आयोजना गरिएको छ। यो मेला पहिलो पटक सिलगढीमा आयोजना हुँदैछ। यो मेला जनवरी २७ सम्म जारी रहनेछ। विभिन्न जिल्लाका स्व-सहायता समूहका महिलाहरूले आफ्नै हातले बनाएका सामानहरू राखेर स्टलहरू राखेका छन्। यस मेलामा कुल ७५ वटा स्टल रहेका छन्। मंगलबार सिलगढीको कञ्चनजङ्घा रंगशालामा जिल्ला मिसन व्यवस्थापन इकाईद्वारा आयोजित मेलाको मेयर गौतम देवले उद्घाटन गर्नुभयो। उहाँसँगै दार्जिलिङका डीएम प्रीति गोयल, उपमेयर रञ्जन सरकार, सिलगढी उप-डिभिजन परिषद्का अध्यक्ष अरुण घोषलगायत उपस्थित हुनुहुन्थ्यो।यस दिन मेयर गौतम देवले महिलाहरूलाई आत्मनिर्भर बनाउन प्रदेश सरकारद्वारा राज्यभर धेरै मेलाहरू आयोजना गरिँदै आएको बताउनु भएको छ। यो मेला पहिलो क्षेत्रीय मेला हो जहाँ राज्यका विभिन्न जिल्लाका स्व-सहायता समूहका महिलाहरूले आफ्ना हस्तनिर्मित वस्तुहरूको स्टल राखेका छन्। जसका कारण महिलाहरू आर्थिक रूपमा आत्मनिर्भर हुँदै गएका छन्।

****** ० ******

**ईभान फाउण्डेशन - पाँचौं स्थापना दिवस**

खरसाङका सक्रिय युवाहरुका सामाजिक संस्था ईभान फाउण्डेशनको पाँचौं स्थापना दिवस कार्यक्रम सम्पन्न भएको छ। ईभान फाउण्डेशन हालैमा पञ्जीकरण भएको संस्था हो र यो संस्थाले पाँच वर्षको अन्तरालमा सडकमा गीत गाएर बिमारीहरूका ा निम्ति सहयोग गर्ने, कहिले स्कूलमा रंग लगाउने र कहिले विद्यार्थीहरुको इच्छा पूरा गर्ने आदि जस्ता कार्यहरू गर्दै आएका छन्। खरसाङको ग्राम सुधार समिति भवनमा आफ्नो स्थापना दिवस पालन गर्दै स्वतन्त्रता सेनानी सावित्री देवी स्मृति पुरस्कार २०२५ संजय छेत्रीलाई उहाले सामाजिक र खेलकूदको क्षेत्रमा दिएको योगदानको लागि प्रदान गरेको छ भने साहित्य र सामाजमा ठूलो योगदान पुऱ्याए वापत गोर्खा सांस्कृतिक संस्थान् खरसाङकी अध्यक्षा आशा मुखिया लामाअनि भोकल फर लोकलका आइकन मानिने मिङ्गमा गिर्मी शेर्पालाई पुरस्कार प्रदान गरिएको छ।

****** ० ******

**सालिग उदघाटन**

खरसाङ महकुमा अन्तर्गत घैयाबारीको अप्पर गैरी गाउँमा १४ फिटको गुरु रिम्पोर्छेको सालिग अनावरणको लागि घैयाबारी बुध्द बुध्दिष्ट एसोसिएसनको आयोजनामा प्राण प्रतिष्ठासितै पूजा अर्चना चलिरहेको छ। उक्त गुरु रिम्पोर्छेको सालिग आगामी २३ जनवरीको दिन पूजा अर्चना गरेर उदघाटन गरिने भएको छ। आगामी २३,२४ र २५ जनवरीमा यहाँ पूजा अर्चना गरिने छ। यस अवसरमा २५ जनवरीमा वाङ वितरण गरिने भएको जानकारी प्राप्त भएको छ। पत्रकारहरुसितको कुराकानीमा घुम गुम्बाको

लामा म्हेम्हे छिरिङ वाङ्गेल घिसिला र सुखे निवासी लामा छितेनले घैयाबारीमा गुरु रिम्पोर्छेको सालिग (कु) स्थापनाको महत्व र यो स्थापनाले क्षेत्र धार्मिक स्थलको रुपमा विकसित हुने जानकारी गराएका छन्|

****** ० ******

**मिरिक पुष्प प्रदर्शनी**

मिरिक महोत्सवमा पुष्प प्रदर्शनी हुने जानकारी मिरिक पुष्प प्रदर्शनी टोली द्वारा जनाएका छन् | आगामी दिसम्बर २५ देखि २७ दिसम्बरको दिनसम्म मिरिक नगरपालिकाद्वारा मिरिकमा आयोजना हुने मिरिक महोत्सवमा विभिन्न पुष्प व्यवसायीहरूले पुष्प प्रदर्शनी पनि गरिने छ। यसका साथै महोत्सवमा सांगीतिक, साहित्यिक, सांस्कृतिक तथा बिबिध मनोरञ्जनात्मक आयोजनहरु रहनेछ| महोत्सवबारे जानकारी गराउनु हुँदै मिरिक नगरपालिका प्रमुख एल बी राईले मिरिकलाई पर्यटनको क्षेत्रमा अझ बिकाश गर्नको निम्ति महोत्सवको आयोजन गरिएको बताउनु भएको छ|

****** ० ******

**गोर्खा हिल कराँते**

गोर्खा हिल कराँते एण्ड किक बक्सिङ एसोसिएसनको खेलाडीहरु राज्य स्तरीय १३औं सोतोकान स्टेट कराँते डु कराँते प्रतियोगितामा उप विजेता बन्न सफल भएका छन्| उक्त प्रतियोगितामा राज्य भरीबाट ४८५ जना प्रतियोगीले सहभागिता जनाएका थिए भने कालेबुङबाट २५ जनाले सहभागिता जनाएका थिए| १८ अनि १९ जनवरीमा इस्लाम्पुरमा उक्त प्रतियोगितमा आयोजन भएको थियो। सेन्तिनारी हलमा खेलाडीहरूलाई एसोसिएसनको पक्षबाट स्वागत् जनाइयो। प्रतियोगितमा कुमुतेमा ९ वटा स्वर्ण, ९ वटा कास्य अनि ७ वटा रजत हासिल गर्न सफल भएको थियो भने कातामा ७ वटा स्वर्ण, ३ वटा कास्य, १४ वटा रजत हत्याएर समग्रमा जिल्ला दोस्रो स्थान हासिल गर्न सफल भएको हो। मुख्य प्रशिक्षक राकेश बसुरले यो प्रतियोगितमा सहयोग गर्ने सबैप्रति आभार जनाउनु भएको छ।

****** ० ******

**शहीद गोल्ड कप**

खरसाङमा भईरहेको शहीद गोल्ड कपमा हिल फुटबल एकेडेमी खरसाङ २-१ को अन्तरले विजयी हुँदै अन्तिम आठमा स्थान बनाएको छ। खरसाङ महकुमा खेलकूद संघ र जीटीएको खेलकूद अनि युवा मामिला विभागको सहयोगमा खरसाङको चानमारी खेल मैदानमा भईरहेको शहीद गोल्ड कप फुटबल टुर्नामेन्ट अन्तर्गत आज हिल फुटबल एकाडेमी खरसाङ र युनाईटेड घुम्ती स्पोर्टिङ्ग क्लबमाझ सम्पन्न भएको थियो। खेलको पहिलो हाफको खेलमा हिल फुटबल एकाडेमी खरसाङको खेलाडी जर्सी नम्बर १४ सोनाम शेर्पाले ३७ औं र ३९औं मिनटमा गोल गरेर आफ्नो दललाई बिजय बनाउन ठूलो योगदान दिए| पहिलो हाफको खेल २-० मा समाप्त भएको थियो। दोस्रो हाफको खेलमा घुम्ती स्पोर्टिङ्ग क्लबको तर्फबाट जर्सी नम्बर ९ नितेन तामाङले ७८औं मिनटमा गोल गरेर बढत कम गरेका थिए| तर अन्तिम समयसम्ममा पनि घुम्तीले खेल बराबरीमा ल्याउन नसकेपछि यस खेल हिल फुटबल एकाडेमी खरसाङले २-१ को अन्तरले जितेर क्वाटर फाइनलमा प्रवेश गरेको छ। आजको खेलमा म्यान अफ् द म्याच हिल फुटबल एकाडेमीको जर्सी नम्बर १४ सोनाम शेर्पा चयन भएका छन्|

****** ० ******

**पहाड तराई क्रिश्चियन वेलफेयर संगठन**

आज पहाड तराई क्रिश्चियन वेलफेयर संगठनको संयुक्त मञ्चले दार्जिलिङ्गमा रेलवे स्टेशनदेखि चौरास्तासम्म शान्ति ऱ्याली आयोजना गर्यो। यो ऱ्याली दार्जिलिङका लागि प्रार्थना स्वरूप सञ्चालन गरिएको थियो भने चौरास्तामा एक प्रार्थना कार्यक्रम पनि आयोजना गरिएको थियो। यस विषयमा पहाड तराई क्रिश्चियन वेलफेयर संगठनको अध्यक्ष रेभरेण पास्टर रमेश गुरुङ्गले शान्ति ऱ्यालीको उद्देश्य विश्व शान्तिको निम्ति प्राथना गर्नु रहेको जानकारी दिनु भएको छ।

****** ० ******